# MIZU ENERGY LIMITED

GOLYAN

मिति: २०७८/१०/१८

श्रीमान अध्यक्षज्यू
सिलिचोङ गाउँपालिकाको कार्यालय,
संखुवासभा ।

विषय : सूचना टाँस तथा राय सुझाव सम्बन्धमा ।

प्रस्तुत विषयका सम्बन्धमा प्रदेश न. १, संखुवासभा जिल्लाको सिलिचोङ गाउँपालिका र मकालु गाउँपालिका भएर बग्ने अप्सुवा खोलामा श्री ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय अर्न्तगत विद्युत विकास विभागद्वारा यस श्री मिजु इनर्जी लि.लाई अध्ययनको अनुमति प्राप्त भएको हाल अध्ययनको अन्तिम चरणमा रहेको ५४ मेगावाट क्षमताको मकालु बरुण राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्रमा पर्ने लोवर अप्सुवा जलविद्युत आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (**SEIA**) प्रतिवेदन तयार गर्ने सिलसिलामा तयार पारिएको सार्वजनिक सूचनाको एक प्रति यसै पत्र साथ संलग्न राखी पठाइएको छ । उक्त सूचना त्यस कार्यालय/संस्था/विद्यालयको सूचनापाटीमा टाँस गरि सूचना टाँसको जानकारी तथा कुनै रायसुझाव भएमा उपलब्ध गराई जलविद्युत आयोजना विकास निर्माणको कार्यमा सहयोग गरिदिनुहुन अनुरोध गर्दछु ।

भवदीय,

प्रमुख कार्यकारी अधिकृत

Mizu Energy Limited
Kathmandu

सूचना शाखाबाट आवश्यक
सूचना पाटिमा टाँस गर्ने
सूचना लगायत website बाट सार्वजनिक गर्ने /
सबै
२०७८/१०/२९

+977-1-4671200
+977-1-4671201
Email : info@golyangroup.com
Fax : +977-1-4287041
Hyatt Place, Soalteemode - 13
Kathmandu, Nepal

(लालपुर्जा अनुसार) भएको जग्गा र सोले चर्चेको सम्पूर्ण लिग लगायत समेत ।

## लोवर अप्सुवा जलविद्युत आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA) प्रतिवेदन तयारीको लागि जारी गरिएको सार्वजनिक सूचना

**(प्रकाशित मिति २०७८/१०/१८)**

प्रदेश नं. १, सखुवासभा जिल्लाको सिलिचोङ गाउँपालिका-५ र मकालु गाउँपालिका-१, ६ भई बग्ने अप्सुवा खोलामा श्री मिजु इनर्जी लिमिटेडद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

<table>
<tr><td>प्रस्तावकको नाम र ठेगाना:</td><td colspan="3">श्री मिजु इनर्जी लिमिटेड, सोल्टीमोड, काठमाडौं-१३, नेपाल<br>ईमेल: info.hydro@golyangroup.com, फोन न. ०१-४६७१२००, ९८५१२२२६६७</td></tr>
<tr><td rowspan="8">प्रस्तावको ब्यहोरा:</td><td colspan="3">मकालु बरुण राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्रमा प्रस्तावित लोवर अप्सुवा जलविद्युत आयोजनाको विस्तृत अध्ययनका क्रममा केही भौतिक पूर्वाधार, डिजाइन, स्वरूप परिवर्तन गर्नु पर्ने भएकोले र जडित क्षमता वृद्धि (४५ मेगावाट बाट ५४ मेगावाट) भएको हुनाले पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु परेको हो ।<br>आयोजनाको मुख्य विशेषताहरु</td></tr>
<tr><td>विवरण</td><td>स्विकृत वातावरणीय प्रभाव मूल्याङ्कन अनुरुप</td><td>पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अनुरुप</td></tr>
<tr><td>जडित क्षमता :</td><td>४५ मेगावाट</td><td>५४ मेगावाट</td></tr>
<tr><td>डिजाइन डिस्चार्ज :</td><td>८.५५घन मिटर प्रति सेकेण्ड</td><td>१०.४५ घन मिटर प्रति सेकेण्ड</td></tr>
<tr><td>बाँधको लम्बाई:</td><td>४० मिटर</td><td>४० मिटर</td></tr>
<tr><td>हेडरेस टनेल :</td><td>४९३३.६० मिटर, ब्यास ३ मि</td><td>३३५८ मिटर, ब्यास ३.०० मि</td></tr>
<tr><td>पेनस्टक पाइप :</td><td>१०८७ मिटर लम्बाई,<br>ब्यास २.२५ मि (underground)</td><td>१७५७ मिटर लम्बाई, ब्यास १.७५ मि (Surface)</td></tr>
<tr><td>विद्युतगृह</td><td>Underground</td><td>Surface</td></tr>
<tr><td>प्रभाव पर्न सक्ने जिल्ला/गा.पा</td><td colspan="3">सखुवासभा जिल्ला, सिलिचोङ गाउँपालिका-५ र मकालु गाउँपालिका-१, ६</td></tr>
</table>

माथि उल्लेखित प्रस्तावको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA) अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली, सामाजिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना:** | **श्री मिजु इनर्जी लिमिटेड**<br>सोल्टीमोड, काठमाडौं-१३, नेपाल, ईमेल: info.hydro@golyangroup.com<br>फोन नं.: ०१-४६७१२००, ९८५१२२२६६७ |
| **परामर्शदाताको नाम र ठेगाना:** | **स्वान्सग्रिन इन्भारोमेन्ट सोलुसन प्रा.ली.**<br>कोटेश्वर, काठमाडौं, नेपाल, ईमेल : swansgreen011@gmail.com,<br>फोन नं. : ९८४९१७८३२१, ९८४३७५८५८८ |